**नेपाल सरकार**

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

## हुलाक सेवा विभाग

**बबरमहल, काठमाडौं**

# सन् २०२४ को फिलाटेलिक कार्यक्रम तयार गर्नका लागि प्रस्ताव आह्वान सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८१/०२/२२)**

सन् २०२४ मा प्रकाशन गरिने हुलाक टिकटहरुको फिलाटेलिक कार्यक्रम तयार गर्नुपर्ने भएकाले हुलाक टिकट प्रकाशन गर्न उपयुक्त विषयको प्रस्ताव पेश गर्नुहुन इच्छुक व्यक्ति, संघ/संस्था तथा सम्वन्धित सबैमा हुलाक टिकट प्रकाशन (पहिलो संशोधन) निर्देशिका २०७१ को दफा ४१ बमोजिम प्रस्ताव आह्वानको सार्वजनिक सूचना गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र देहाय बमोजिमको प्रस्ताव तयार गरी यस विभागमा पेश गर्नुहुन अनुरोध छ।

१. प्रस्ताव पेश गर्दा सम्बन्धित विषयको फोटो एवम् सङ्क्षिप्त विवरण (नेपाली तथा अङ्ग्रेजीमा) र सम्भव भएसम्म टिकटको डिजाइन सहित पेश गर्नु पर्नेछ। फोटो विवरण र डिजाइन उपलब्ध गराए बापत रोयल्टी, पुरस्कार वा पारिश्रमिक उपलब्ध गराइने छैन।

२. प्राप्त हुन आएका प्रस्तावहरुलाई यस कार्यालयबाट सङ्कलन गरी आवश्यक प्रक्रिया अघि बढाइने छ।

३. उपयुक्त ठहर भएका प्रस्तावहरूलाई स्वीकृतिका लागि पेश गरिनेछ। नेपाल सरकारले उपयुक्त ठहर गरेका अन्य विषयहरूको छनोट गर्न यो सूचनामा तोकिएको अवधि र प्रक्रियाले बाधा पार्ने छैन।

४. प्रस्ताव पेश गर्दा देहायका विषयहरुमध्ये उपयुक्त विषय छनौट गरी प्रस्ताव गर्नु पर्नेछ :-

(क) नेपालका विभिन्न भागमा प्रचलित विभिन्न चाडपर्व र संस्कृति,

(ख) प्राचिन तथा अर्वाचीन कला, धर्म, साहित्य,

(ग) कलात्मक भवन, स्मारक तथा धार्मिक स्थलहरू,

(घ) भौगोलिक एवम् पूरातात्वीक महत्वका बस्तुहरू,

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त विशिष्ट विद्वान, राष्ट्रिय विभूति एवम् प्रतिभाहरू,

(च) महत्वपूर्ण ऐतिहासिक घटना तथा व्यक्तिहरु,

(छ) प्राकृतिक वैभव र गरिमायुक्त राष्ट्रिय महत्वका विषयहरू,

(ज) नेपालसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ/संस्था, सभा सम्मेलन, समारोह आदि।

(झ) नेपालसँग द्विपक्षीय तथा बहुपक्षीय सम्बन्ध भएका परराष्ट्र मामिला तथा अन्तर्राष्ट्रिय सम्बन्धको विषय,

(ञ) संयुक्त राष्ट्र संघ, अन्तर्राष्ट्रिय हुलाक संघ (UPU), दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) लगायतका संस्थाहरुको आह्वानमा मनाइएको अन्तर्राष्ट्रिय बर्ष,

(ट) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका खेलकुद गतिविधि,

(ठ) अन्य कुनै महत्वपूर्ण विषयवस्तु।

५. अन्य कुरा प्रचलित नियम अनुसार हुनेछ।

**सम्पर्क नं. ०१५३२९३२१, ०१५३५४८५१, Email– ticket.mgmt12@gmail.com**